Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

| | |
|---|---|
| नेपाल भूकम्प २०७२ अपडेट : ३९औं दिन<br>मिति : ०७२ जेठ १९<br>अन्तिम अपडेट : २२:०० बजे | मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)<br>मृतक : ८,७०२<br>घाइते : २२,२२० |

## राहत वितरणमा भेदभावः राष्ट्रिय मानवअधिकार आयोग

राजनीतिक दलबाट सबै पीडित र प्रभावितलाई समान व्यवहार नभएको, आफ्नो पकेट क्षेत्रमा आफ्ना कार्यकर्तालाई मात्र राहत वितरण गर्न प्रोत्साहन गरेको र केही स्थानमा राहत वितरणमा राजनीतिकरण भएको राष्ट्रिय मानव अधिकार आयोगले जनाएको छ । आयोगले वैशाख १२ गतेको भूकम्पबाट हुन गएको धनजनको क्षतिका सम्बन्धमा भइरहेको उद्धार तथा राहत वितरण, मानवीय पक्ष र मानव अधिकारको समग्र अवस्थाको अनुगमन गरी जेठ १८ गते सार्वजनिक गरेको अनुगमन प्रतिवेदनमा भेदभाव भएको उल्लेख छ ।

आयोगले समन्वयको अभाव भएका कारण वास्तविक पीडितले बेलैमा राहत नपाएको र उद्दारका काममा पनि अप्ठेरो स्थिति आएको जनाएको छ । आयोगले भूकम्प प्रभावित जिल्लाको अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरेको हो । त्यसैगरी प्रतिवेदनमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार अन्तर्गत बसोवास तथा आवासको अधिकार, स्वास्थ्यसम्बन्धी अधिकार, शिक्षाको अधिकार र सुचनाको हकलगायतका विषय समेटिएको छ ।

### उल्लेख्य

- मकवानपुरका भूकम्प पीडितहरूलाई यहाँका सरकारी र गैरसरकारी संस्थाले धानको बीउ र भत्केका घरका भग्नावशेष हटाउन नगद रकम वितरण सुरु गरेका छन् । कृषि विकास कार्यालय, मकवानपुरले जेठ १५ गतेदेखि भूकम्पपीडित कृषकलाई राहतस्वरुप धानको बीउ वितरण गर्न सुरु गरेको हो । यसैगरी भूकम्पले भत्काएका घरका भग्नावशेष र वरिपरीको बाटो सरसफाइ गर्न विश्व खाद्य कार्यक्रमले एमडिआई नेपालमार्फत प्रतिघर ८ हजार रुपियाँ वितरण सुरु गरेको छ ।
- धादिङको विकट उत्तरी क्षेत्रमा रहेको ४७ टोल भूकम्पछिको लगातारको पहिरोले उच्च जोखिममा परेको छ । सभासद्हरूको टोलीले गरेको अध्ययनले खतरामा परेको टोललाई एक साताभित्र स्थानान्तरण गर्न जिल्ला विपत् व्यवस्थापन समितिमा प्रस्ताव गरिएको छ ।
- इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले सोलुखम्बु जिल्लाको विभिन्न स्थानहरूमा पीडितका लागि खाद्य भण्डारण गर्न आवश्यक रहेको बताए । वर्षातका कारण हिमाली जिल्ला सोलुखम्बुको विभिन्न भागमा सडक अवरुद्ध हुने र मौसम अनुकुल नहुँदा हेलिकोप्टरबाट समेत सामान ढुवानीमा समस्या हुने देखिएकाले समयमै पीडितका लागि आवश्यक राहतको भण्डारण गर्न सरोकारवालालाई आग्रह गरेका हुन् । सोलुखुम्बुका भूकम्प पीडितको अवस्थाबारे अनुगमन गर्ने क्रममा अध्यक्ष प्याकुरेलले सो कुरा बताएका थिए ।
- भूकम्प पीडित परिवारलाई सरकारले राहतस्वरूप प्रदान गरिने १५ हजार रुपियाँ दक्षिण ललितपुरका दुर्गम दुई गाविसबाट वितरणको थालनी गरिएको छ। भूकम्पका कारण पूर्णरूपमा क्षति भएका घरको लगत सङ्कलन भएपछि पीडितलाई दिइने सहयोगलाई निरन्तरता दिइएको सहायक प्रमूख जिल्ला अधिकारी होमनाथ थपलियाले जानकारी दिए ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline